नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४

**प्रधान कार्यालय**
**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**
**धर्मपथ ,काठमाडौ**

प्रेस रिलिज्

# नेपाल बैङ्क लिमिटेडको समृध्द नेपाल अभियान वचत खाता

## एकै दिनमा ७०० ग्राहकले खोले नेपाल बैकमा खाता

नेपाल बैङ्क लिमिटेडले नेपाल सरकारले सामाजिक सुरक्षा र वित्तिय समावेशिता अभिवृध्दि गर्ने उध्देश्यले हालै ल्याएको समृध्दिसंगै जोडौं नाता : सबै नेपालीको बैक बैक खाता नाराका साथ शुभारम्भ गरिएको खोलौं खाता अभियानलाई सफल गराउन विशेषः संस्थागत पहल अघि बढाएको छ । यस कममा नव वर्ष २०७६ को उपलक्षमा दिईएको सार्वजनिक विदाको दिन समेत ७० वटा शाखा खोली स्थानीय स्तरमा प्रचार प्रसार सहित नेपाल बैकद्वारा सर्वसाधारणलाई समृध्द नेपाल अभियान वचत खाता खोल्ने सेवा संचालन गरिएकोमा पहिलो दिन नै ७०० बढी ग्राहकले उक्त खाता खोलेर यस अभियानप्रति सकारात्मक प्रतिकिया दिएका छन् । कुनै पनि बैकमा खाता नभएका नेपालीले आफनो परिचय खोलाउने कुनै पनि प्रमाणपत्रको आधारमा नेपाल बैकका कुनै पनि १६१ शाखाबाट खोल्न सकिने यस खाताको लागि आवश्यक रु १००। बैक स्वयम्ले वेहार्ने छ ,उक्त अभियानमा सहभागी वचत ग्राहकलाई ५.२५ प्रतिशतको आकर्षक व्याजदर सहित कुनै पनि शाखा सेवा (एबिविएस ),एटिएम,मोवाईल बैकिंग,इन्टरनेट बैकिंग,कुनै पनि शाखाबाट चेक लिन सकिने लगायतका सुविधाहरु निःशुल्क नै उपलव्ध हुनेछ ।

स्मरण रहोस् , प्रधानमन्त्री केपी शर्मा ओलीले नव वर्षको उपलक्षमा राष्ट्रिय सभामा आयोजित एक विशेषः समारोहका बीच ज्येष्ठ नागरिक वीमा र खोलौ बैक खाता नामक राष्ट्रिय अभियानको शुभारम्भ गर्नु भएकोमा त्यस अभियानलाई सघाउन राष्ट्रिय सभा गृह परिसरमा नेपाल बैकको स्टलको राखिएको थियो । उक्त स्टलको शुभारम्भका कममा नेपाल बैक लिमिटेडका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत कृष्ण बहादुर अधिकारीले सरकारको सामाजिक सुरक्षा ,वित्तिय समावेशिता वृध्दि र राष्ट्रिय पूंजी निर्माणका प्रयासलाई एकसाथ अघि बढाउने अभियानलाई सार्थक बनाउन स्थानीय निकायसंग समन्वय गरि वित्तिय साक्षरताको कार्यक्रम सहित आजसम्म बैंक खाता नखोलेका सर्वसाधारणको दैलो दैलोमा नेपाल बैक लिमिटेड पुग्ने प्रतिवध्दता व्यक्त गर्नुभएको थियो । बैकको संस्थागत योजना विभागको संयोजनमा सम्पन्न उक्त स्टल शुभारम्भ कार्यक्रममा बैकका सहायक

प्रमुख कार्यकारी अधिकृत प्रकाश कुमार अधिकारी, मुख्य प्रवन्धकहरु,प्रेस संयोजक मुकुन्द अर्याल लगायतको उपस्थिति थियो ।



Photo Courtesy: Mr. Homanath Dahal

(मुकुन्द अर्याल )
प्रेस संयोजक